# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०८१/८२
चलानी नं.

मितिः २०८२/०३/१८
ने.सं. ११४५

सूचना नं ०२/२०८१/०८२

**विषयः तहवृद्धिको लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी सूचना ।**
**तहवृद्धिको सूचना प्रकाशित मिति २०८२/०३/१८**

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका तथा तोकिएको योग्यता पुगेका यस कार्यालयमा कार्यरत कर्मचारीहरुले स्थानीय निजामती सेवा नियमावली २०८१ को नियम ४७ अनुसार अनुसूची १६ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन पेस गर्नुहुन सम्बन्धित सम्पूर्ण कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक व्यक्तिगत विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फारम पेस गरेका निकायको विवरण
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(मञ्जु खनाल)
वरिष्ठ प्रशासकीय अधिकृत



CamScanner